MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प.सं. : MFL/HO/2081-82/544

मिति : २०८१/०९/०३

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषयः सत्रौं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा मिति २०८१/०९/०३ गते बुधवार अपरान्ह ३.०० बजे बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको २८८ औं बैठकबाट मिति २०८१/०९/२८ गते आईतवार यस वित्तीय संस्थाको सत्रौं वार्षिक साधारण सभा गर्ने निर्णय भएको र सो प्रयोजनको लागि तपशिल बमोजिमको प्रस्ताव सहित मिति २०८१/०९/११ गते यस वित्तीय संस्थाको शेयर दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द रहने व्यहोरा जानकारी गराइन्छ ।

तपशिलः

नगद लाभांश :
हाल कायम चुक्ता पूंजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपि एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस रुपैंया र पैसा असी मात्र) को ६.३५% ले हुन आउने रु ८,५८,२३,६०५।९० (अक्षेरेपि आठ करोड अन्ठाउन्न लाख तेईस हजार छ सय पाँच रुपैंया र पैसा नब्बे मात्र) बरावरको नगद लाभांश (नगद लाभांशको कर समेत) वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

भवदीय,

विकास राज शाक्य
कम्पनी सचिव

बोधार्थः
१. श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाण्डौ ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाण्डौ ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
५. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाडौं ।
६. श्री एन.आई.एम.बि. एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

Head Office
Omkar Building (2nd Floor)
New Baneshwor, Kathmandu
Tel.: 977 -01-4792517
Fax: 977-1-4792534

New Road Branch 01 - 5322103/57
Chabahil Branch 01-5916559/60
Gongabu Branch 01-5912032/33
Kalanki Branch 01-5224022/34
Narayanghat Branch 056 -596034/434
Butwal Branch 071 - 535913/914
Dhangadi Branch 091 - 526866
Itahari Branch 025 - 584286
Biratnagar Branch 021-511194/95
Nepalgunj Branch 081-537508/09
Dharan Branch 025-530203/38
Pokhara Branch 061-574213/14
Birgunj Branch 051-532037
Murgiya Branch 071-440122 /23
Yogikuti Branch 071-438563/64
Manigram Branch 071-562887/987
Bhairahawa Branch 071-590971/72
Gaindakot Branch 078-502315/16
Bharatpur Branch 056-590134/234
Tandi Branch 056-490026/27
Parsa Bazar Branch 056-582961/62
Inaruwa Branch 025-590031/32
Jhumka Branch 025-562169
Biratchowk Branch 021-545115/16

E-mail: info@manjushreefinance.com.np, Web: www.manjushreefinance.com.np

सत्रौं वार्षिक साधारण सभाको छलफलका विषयहरुः

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात एवं आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वहालवाला श्री पि.आर.एस.एच. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनु हुन्छ) ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपि एक अर्ब पैतीस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अठचालिस रुपैंया र पैसा अस्सी मात्र) को ६.३५% ले हुन आउने रकम रु. ८,५८,२३,६०५।९० (अक्षेरेपि आठ करोड अन्ठाउन्न लाख तेइस हजार छ सय पाँच रुपैंया र पैसा नव्वे मात्र) बरावरको नगद लाभांश (नगद लाभांशको कर समेत) वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

५. यस वित्तीय संस्थाको सञ्चालक समितिमा संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट निर्वाचित सञ्चालकज्यूहरु ३ (तीन) जना र सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट निर्वाचित सञ्चालकज्यूहरु मध्येका १ (एक) जना गरि ४ (चार) जना सञ्चालकज्यूहरुको कार्यकाल २०८१ पौष मसान्तबाट सकिई उक्त पद रिक्त हुने भएको हुँदा वित्तीय संस्थाको नियमावली बमोजिम रिक्त रहने उक्त ४ (चार) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**

१. प्रवन्ध पत्र र नियमावली संशोधन ।

(क) नेपाल राष्ट्र बैकको स्वीकृत लिई यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालयलाई का.जि. का.म.न.पा. वडा नं. १० बाट ठाउँसारी गरी का.जि. का.म.न.पा. वडा नं. ११ मा राख्नका लागि यस वित्तीय संस्थाको प्रवन्ध पत्रको दफा २(१) र नियमावलीको नियम २ मा रहेको यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने स्थान संशोधन गर्ने ।

(ख) नेपाल राष्ट्र बैकको स्वीकृत लिई अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा सुविधालाई समयानुकुल हुने गरि मिलाउन यस वित्तीय संस्थाको नियमावलीको नियम २९(१)(ख) लाई संशोधन गर्ने ।

२. प्रबन्ध-पत्र तथा नियमावलीलाई उपरोक्त बमोजिम संशोधन गर्न अनुमति लिनु पर्ने नियमनकारी निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. यस वित्तीय संस्था र अन्य कुनै उपयूक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध :**

MANJUSHREE FINANCE LIMITED